
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १६ गते बुधबार ❑ 2 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीका स्वास्थ्यमन्त्री पाठकले सार्वजनिक गरे कार्ययोजना

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले स्वास्थ्य क्षेत्रको समस्यालाई भुईं तहबाट नै समाधान गर्ने उद्देश्यसहित त्रयकालीन योजना सार्वजनिक गरेका छन् ।



मंगलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले अल्पकालीन, मध्यकालीन र दीर्गकालीन योजना सार्वजनिक गरेका हुन् । छ पृष्ठमा समेटिएको तीन कालीन योनजामा नीतिगत तथा कानुन सुधार, सुशासन, आपूर्ति, मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुदृढीकरण, संस्थागत क्षमता विकास, सेवा प्रवाह र गुणस्तरको सुनिश्चितता, आपतकालीन तयारी तथा प्रतिकार्य, सर्ने तथा नसर्ने रोगहरुको व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन लगायतका योजनालाई समेटिएको छ । दीर्घकालीन योजना अन्तर्गत एयर एम्बुलेन्स व्यवस्थापन, स्वास्थ्यमा हुने व्यक्तिगत खर्चको भार क्रमशः घटाउँदै लगिने, प्रदेशका मुटु, क्यान्सर र मृगौला रोगको उपचारको लागि विशिष्टिकृत अस्पताल र मातृशिशु, महिला तथा बाल अस्पताल निर्माण कार्यलाई प्राथमिकतामा राखिएको उनले बताए । पाठकले स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माणको लागि जग्गा प्राप्ति गर्न संघ र स्थानीय तहसँग समन्वय गर्ने, लमजुङ, स्याङ्जा र दमौली अस्पतालको भवन निर्मार्ण गर्ने, धौलागिरि अस्पताल बागलुङ, दमौली अस्पताल तनहुँ र मध्यविन्दु अस्पताल नवलपर ासीमा ट्रमा सेन्टर स्थापना गरी दुर्घटनामा परेका वा ठूलो चोटपटक लागेका बिरामीहरुलाई तत्काल आवश्यक उपचारको व्यवस्था मिलाउने योजनालाई मध्यकालीन योजनामा राखेका छन् । उनले ६ महिना सम्पन्न गर्ने गरी विभिन्न शीर्षकमा ४० वटा योजनालाई समेटेका छन् भने २ वर्षमा पूरा गर्ने गरी ४९ वटा योजनालाई मध्यकालीनमा समेटेका छन् । करिब ५ वर्षमा पूरा गर्ने लक्ष्य राखिएका दीर्घकालीन योजना १० वटा रहेको पाठकले बताए । पत्रकार सम्मेलनमा पाठकले आफूले बनाएको तीन कालीन योजना अन्य प्रदेशका स्वास्थ्य मन्त्रालयको लागि मार्गदर्शन हुने दाबी समेत गरे । 'स्वास्थ्य क्षेत्रका समस्या भुईस्तरबाट नै समाधान गर्ने उद्देश्य हो ।' उनले भने - 'उद्देश्य प्राप्तिका लागि तीन कालीन योजना बनाउँदा लक्ष्यमा पुगिन्छ भन्ने विश्वास छ ।' पत्रकार सम्मेलनमा मन्त्रालयका सचिव डा. विनोदविन्दु शर्मा, महानिर्देशक खिमबहादुर खड्का र डा. रेखा पौडेलले मन्त्रालयको बारेमा बोलेका थिए ।

गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्णप्रसाद पाठकले सार्वजनिक गरेको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको सूची यस्तो छ । पिडिएफ फाइल अट्याच छ ।

## प्रधानमन्त्रीद्वारा राहत, उद्धार र पुनःस्थापनामा जुट्न सबैलाई आह्वान

रासस
काठमाडौं, १५ असोज

प्रधानमन्त्री केपी शर्मा ओलीले अविरल वर्षाका कारण विपद्ले सिर्जना गरेको विषम परिस्थितिमा राहत तथा उद्धारमा सहयोग गर्न सरकारी तथा निजी क्षेत्र सबैलाई आह्वान गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा उहाँले यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढीपहिराले ठूलो धनजनको क्षति पुऱ्याएको उल्लेख गर्दै उद्धार पुनःस्थापना र पुनःनिर्माणमा जुट्न सबैलाई आह्वान गर्नुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो, "सबै राजनीतिक दल, तीनै तहका सरकार, निजी क्षेत्र, विकास साझेदार, गैरसरकारी तथा सामुदायिक संस्था र स्वयंसेवक एवं आमनागरिकको सहयोगको अपेक्षा गर्दछु ।"

उहाँले विपद्बाट भएको क्षतिको विस्तृत क्षति मूल्याङ्कन गरी पुनःनिर्माण तथा पुनःलाभका कार्यक्रमको कार्ययोजना तत्काल तर्जुमा गरी तीनै तहका सरकारको समन्वय र सहकार्यमा कार्यान्वयन गरिने जानकारी दिनुभयो । "विपद्को पूर्वसूचना सरकारले विभिन्न माध्यमबाट जारी गर्ने गरिएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "उक्त सूचनालाई सबै पक्षबाट गम्भीरतापूर्वक लिइ जनधनको क्षति न्यूनीकरण गर्नमा सहयोग पुऱ्याउनुहुन सबैमा अनुरोध गर्दछु ।"

प्रधानमन्त्री ओलीले आसन्न चाडबाडका समयमा यात्रालाई सहज र सुलभ बनाउन निजी क्षेत्रका सम्बद्ध व्यवसायीसँग समन्वय गरी सुरक्षित र भरपर्दो यातायात व्यवस्था मिलाइने उल्लेख गर्नुभयो । सरकारले विपद्बाट प्रभावित घरपरिवारलाई राहत उद्धारलगायत विषयमा प्रदेश, स्थानीय तह एवं सम्बद्ध पक्षसँग आवश्यक समन्वय तथा सहजीकरण प्रभावकारी बनाउन सहसचिवको नेतृत्वमा विपद्बाट बढी प्रभावित जिल्लामा सम्वद्ध मन्त्रालयका कर्मचारी समावेश गरी स्थलगत टोली परिचालन गरेको छ । प्रधानमन्त्री ओलीले मनसुनजन्य विपद्बाट मानवबस्ती, पूर्वाधार, कृषिबाली तथा पशुपन्छीमा भएको क्षतिको प्रारम्भिक लेखाजोखा एक महिनाभित्र सम्पन्न गरी जनजीवनलाई सामान्य बनाउन प्रदेश तथा स्थानीय तहसँगसमेत समन्वय गरी आवश्यक कार्यसम्पन्न गरिने बताउनुभयो ।

"विभिन्न स्थानमा अवरुद्ध भएको टेलिफोन एवं विद्युत् सेवा सञ्चालन गर्न क्षतिग्रस्त संरचनाको पुनःनिर्माण एवं पुनःस्थापना गर्ने काम भइरहेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यस कार्यलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।" प्रधानमन्त्री ओलीले जलविद्युत् उत्पादन अवरुद्ध भएका विद्युत् गृह पुनःसञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिइने र सामान्य प्रकृतिका क्षतिको हकमा तत्काल मर्मतसम्भार गरी सञ्चालनमा ल्याइने जानकारी गराउनुभयो । उहाँले क्षतिग्रस्त विद्युत् प्रसारण लाइनका संरचनालाई 'इमर्जेन्सी रेस्टोरेशन टावर'मार्फत प्रतिस्थापन गरिने बताउनुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो, "विपद्पश्चात् हुनसक्ने अत्यावश्यक वस्तुको कृत्रिम अभाव, मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न निजी क्षेत्रसमेतको समन्वयमा बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाइने छ ।"

विपद्मा परी घाइते भएका व्यक्तिको निःशुल्क उपचारको प्रबन्ध गरिसकिएको र विपद्पश्चात् फैलिनसक्ने सम्भावित रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक तयारी गरिएको प्रधानमन्त्रीले बताउनुभयो । साथै, यसका लागि प्रदेश र स्थानीय तहसँगको सहकार्यमा प्रभावित क्षेत्रमा आवश्यकतानुसार स्वास्थ्य शिविर सञ्चालन गर्ने तयारी गरिसकिएको उहाँले जानकारी दिनुभयो । सरकारले बाढी, पहिरोबाट अवरुद्ध तथा क्षतिग्रस्त खानेपानी संरचनाहरूको तत्काल मर्मतसम्भार गरी खानेपानी प्रणालीलाई पुनःस्थापना गरिने जनाएको छ । "बाढी, पहिरोबाट अवरुद्ध भएका मुलुकभरका रणनीतिक सडकलाई थप तदारुकताका साथ यथाशीघ्र सञ्चालन गरिनेछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यसका लागि पहिरोबाट अवरुद्ध सडक खोल्ने तथा पुल बगेका महत्त्वपूर्ण सडकमा बेलिब्रिज जडान गरिनेछ, सम्भाव्यताका आधारमा कजवे, डाइभर्सनजस्ता वैकल्पिक माध्यमबाट तत्काल यातायात सञ्चालन गर्ने प्रबन्ध गरिनेछ ।"

प्रधानमन्त्री ओलीले विपद्का घटनासम्बन्धी सूचनाको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विभिन्न राजमार्गका १७ सडकखण्ड अझै अवरुद्ध

रासस
काठमाडौं, १५ असोज

असोज १० देखि १२ गतेको मनसुनी विपद्का कारण अवरुद्ध भएकामध्ये विभिन्न राजमार्गका १७ सडकखण्ड अझै अवरुद्ध छन् ।

नेपाल प्रहरीकानुसार बाढीपहिरोले अवरुद्ध पारेका धेरै सडकखण्ड सञ्चालनमा आए पनि १७ वटा अझै सञ्चालनमा आउन सकेका छनैन् । अन्य सात सडकखण्ड एकतर्फी खुलाइएका छन् । गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले पनि अवरुद्ध सडक सञ्चालन र अन्य सडक दुईतर्फी नै खुलाउने गरी तदारुकताका साथ काम भइरहेको जानकारी दिनुभयो ।

प्रहरीले मंगलबार साँझ सार्वजनिक गरेको सूचनानुसार दक्षिणकाली-सिस्नेरी, ललितपुरको लेले-टीकाभैरव, धनकुटाको राँके भेडेटार सडकखण्ड पूर्ण अवरुद्ध छ । यस्तै बागमती प्रदेशका कान्ति लोकपथ, कुलेखानी-मार्खु, भीमफेदी-कुलेखानी-फाखेल, बीपी राजमार्गका विभिन्न क्षेत्रका सडकखण्ड अवरुद्ध छन् । मध्यपहाडी लोकमार्ग सुनामवेशी, अकरेभिर, बाह्रबीसे-तातोपानी, रामेछाप-सिन्धुली-खुरकोट, कालीगण्डकी करिडोर सालझण्डी-अर्घाखाँची-ढोरपाटनसडकखण्ड र पूर्वपश्चिम राजमार्गको मध्यविन्दु सडकखण्ड पनि अवरुद्ध रहेका प्रहरीले जनाएको छ ।

अवरुद्ध रहेका दाउन्ने, पृथ्वीराजमार्गको बन्दीपुर खण्ड, तनहुँ व्यास नगरपालिका, पाँचखाल हनुमानगढी केराघारी, पृथ्वीलोकमार्गकोबेनीघाटखण्ड, सुनकोसी कमेरेडाँडालगायतका खण्ड एकतर्फी सञ्चालनमा ल्याइएका छन् । एकतर्फी सडकमा दुईतर्फी यातायात सञ्चालन र अवरुद्ध सडक खुलाउने काम भइरहेको छ भने दाउन्नेमा भने आज राति बाटो बन्द गरेर थप काम गरिने जनाइएको छ ।

## बाढीपहिरामा परी दुई सय १८ जनाको मृत्यु, २७ बेपत्ता

रासस
काठमाडौं, १५ असोज

गृहमन्त्री रमेश लेखकले बाढीपहिरामा परी देशभर २१८ जनाको मृत्यु, २७ बेपत्ता र १४३ जना घाइते भएका जानकारी दिँदै विपद्पछिको प्रतिकार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको स्पष्ट पार्नुभएको छ । प्रतिनिधिसभा राज्यव्य तथा सुशासन समितिको मंगलबारको बैठकमा उहाँले विपद्मा परेका नागरिकको खोज तथा उद्धार र राहतमा सरकार केन्द्रित भएको बताउनुभयो ।

उहाँले घाइतेको निःशुल्क उपचार र पहिरोका कारण अवरुद्ध मुख्य राजमार्ग र सहायक राजमार्ग खोलेर आवागमन सहज बनाउनेतर्फ सरकार केन्द्रित भएको जानकारी दिनुभयो । "खोज तथा उद्धार जारी छ । राहत सामग्री वितरणको कार्य पनि जारी छ । सरकारी अस्पतालमा घाइतेको निःशुल्क उपचार भइरहेको छ । राहत सामग्री परिचालन र पुनःस्थापनालाई प्रभावकारी बनाउन जिल्ला विपद् व्यवस्थापन समिति सक्रियतापूर्वक लागेका छन्",उहाँले भन्नभुभयो ।

बैठकमा गृहमन्त्री लेखकले बाढीपहिरामा परी देशभर २१८ जनाको मृत्यु, २७ बेपत्ता र १४३ जना घाइते भएका जानकारी दिनुभयो । नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी बल नेपाल र स्वयम्सेवकले विपद्मा फसेका चार हजार २२ जनाको उद्धार गरेका उहाँले बताउनुभयो ।

पचास वर्षपछि भारी वर्षा भएको जानकारी दिँदै उहाँले काठमाडौं उपत्यका र बागमती प्रदेश बढी प्रभावित भएका बताउनुभयो । उद्धारमा नेपाली सेनाका तीन हजार ९०६, नेपाल प्रहरीका १४ हजार ८०२ सशस्त्र प्रहरीका १२ हजार २३ जनशक्ति विपद्पछि खोज र उद्धारमा खटिएका उहाँले जानकारी दिनुभयो ।


## मोवाईलको लतबाट बालबालिकालाई वचाऔं

मोबाईलको लतबाटः

◆निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,

◆मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,

◆मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,

◆लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,

मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नयाँगाउँमा 'एमेच्युअर फुटबल' सुरु

## खेलकुदले परिचय फराकिलो बनाउँछ: वडाध्यक्ष बानियाँ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

पोखरा महानगरपालिका १५ नयाँगाउँमा मंगलबारदेखि विकास प्रिजेन्टस् सिक्स ए साइड एमेच्युअर फुटबल प्रतियोगिता सुरु भएको छ।

पोखरा महानगरपालिका -१५ को वडा कार्यालय नजिक रहेको खेलमैदानमा 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्का लागि खेलकुद' भन्ने नारासहित फुटबल प्रतियोगिता मंगलबारदेखि सुरु भएको हो । सो प्रतियोगिताको उद्घाटन खेलमा दिव्यज्योती युवा क्लबले जित निकालेको छ । कफि धिंलाई २-० गोल अन्तरले पराजित गर्दै दिव्यज्योती दोस्रो चरणमा प्रवेश गरेको कार्यक्रम संयोजक विकास गुरुङले जानकारी दिए । उनका अनुसार दिव्य ज्योतीको जीतमा मन्जित थापा र कुशल रानाले समान १ गोलको योगदान दिए। यस्तै दोस्रो खेलमा नवप्रतिभालाई केएनबीले ३-० गोल अन्तरले पराजित गर्यो। केएनबीको जीतमा बुद्धि गुरुङले २ र अमिर गुरुङले १ गोल गरे । यस्तै सेभेन टु एट गाइज र आर फिफ्टिनबीच भएको तेस्रो २-२ को बराबरीमा निर्धारित समय सकिएपछि पेनाल्टी सुटआउटमा सेभेन टु एट गाइज बिजयी बन्यो ।चौथों खेलमा वी आर वन टिमले टुटुङ्गा एफसीलाई १-० गोल अन्तरले पराजित गर्यो ।



वी आर वनको जीतमा विकास गुरुङले निर्णायक गोल गरे । यस्तै आज भएको अन्तिम खेलमा जीत निकाल्यो । आगामी १९ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगरपालिका १५ का वडाध्यक्ष तोरण बानियाँले खेलकुदले खेलाडीको परिचय फराकिलो बनाउन सघाउ पुग्ने धारणा राखे । खेलकुदले अनुशासनको दायरामा राख्दै भाइचारको आपसी सम्बन्धलाई बलियो बनाउन मद्दत गर्ने उल्लेख गरे । 'खेलकुद यस्तो क्षेत्र हो, जस्ले अनुशासनको दायरामा राखेर आपसी सम्बन्ध मजबुद बनाउन मद्दत गर्छ, उनले भने, ' यति मात्र होइन यसले खेलाडीको परिचय फराकिलो पनि बनाउछ ।'

उनले खेलकुदकै माध्ययमबाट देशलाई विश्वमा चिनाउनसमेत सकिने बताए। अहिले खेलकुदको विकास भइरहेको छ । क्रीकेट, फुटबल, तेक्वान्दो लगायतको क्षेत्रबाट पछिल्लो समय ऐतिहासिक पदक देशले पाएको छ । यसले देशको गौरवलाई विश्वसमेत फैलाउन सघाएको छ। त्यसैले खेलकुदमा भविष्य देख्नेहरु पछि नहट्नुहोला ।' सो कार्यक्रमा संगम टोल विकास संस्थाका अदिप बराल, फ्याङ्कलिन एजुकेशन कन्सल्टेन्सीका अध्यक्ष गंगा बहादुर क्षेत्री लागायतले बोलेका थिए । नयाँगाउँ युवा क्लबको विशेष सहयोगमा पाँच दिन चल्ने सो प्रतियोगिताको विजेताले नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै उपविजेताले रु ३० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ । प्रतियोगितामा विधागततर्फ उत्कृष्ट खेलाडी, उदीयमान खेलाडी, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्ड र तथा सर्वाधिक गोलकर्तालाई जनही ३ हजार रुपैयाँले पुरस्कृत गरिनेछ। भने, एउटा अनुशासित टिमलाई नगद रु ५ हजार प्रदान गरिनेछ । कार्यक्रममा आदर्श आमा समूह र संगमटोल विकास आमा समूहको टोलीले झाँकीसहति र्यालीसमेत प्रर्दशन गरको थियो। उक्त प्रतियोगिताको मिडिया पार्टनरमा सुनगाभा न्यूज डटकम र गोल नेपाल डटकम रहेको छ भने, प्रतियोगिताका सबै खेलहरु लामाचौर फुटसल र गोर्खाज् प्लेको फेसबुक पेजबाट प्रत्यक्ष प्रशारण गरिने आयोजकले जनाएको छ।

# ऋषिलीला ज्येष्ठ नागरिक पत्रकारिता पुरस्कारबाट पौडेल पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

राष्ट्रिय समाचार समिति(रासस) का गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल पोखरा वृद्धाश्रमद्वारा सञ्चालित 'ऋषिलीला ज्येष्ठ नागरिक पत्रकारिता पुरस्कार-२०८१' पुरस्कृत हुनुभएको छ।

अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा पोखरामा मंगलबार आयोजित कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले रु ५० हजार र सम्मानपत्रबाट पौडेललाई पुरस्कृत गर्नुभयो । पत्रकारिताका माध्यमबाट ज्येष्ठ नागरिकका क्षेत्रमा पौडेलले पुर्याउनुभएको योगदानको कदर गर्दै पौडेललाई छनोट समितिको सिफारिस अनुसार पुरस्कृत गरिएको पुरस्कारका संस्थापक समेत रहनुभएका पोखरा वृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले बताउनुभयो।

पोखराका शैक्षिक एवम सामाजिक क्षेत्रमा विशिष्ठ योगदान पुर्याउनु भएका प्रजातन्त्र सेनानी एवम पोखरा बृद्धाश्रमका संस्थापक अध्यक्ष स्व ऋषिकेशव पराजुली र उहाँका धर्मपत्नी लिलादेवी पराजुलीको स्मृतिमा छोरा कुसुमकेशवले पत्रकारिता पुरस्कार स्थापना गर्नुभएको हो । पत्रकारिताका



माध्यमबाट पोखरा वृद्धाश्रमको समग्र उन्नयनका साथै ज्येष्ठ नागरिकको हक अधिकार संरक्षणका पक्षमा कलम चलाउने सञ्चारकर्मीलाई बृद्धाश्रमले वर्षेनी सम्मान गर्दै आएको छ । कार्यक्रममा मन्त्री थापाले प्रदेश सरकार ज्येष्ठ नागरिकका हक अधिकार संरक्षणका लागि प्रतिवद्ध रहेको बताउनुभयो। उहाँले ज्येष्ठ नागरिक भगवानूका प्रतिक रहेकाले सँधै आदर र सम्मान गर्नुपर्ने बताउनुभयो । गण्डकी प्रदेशसभा सदस्य भीम कार्कीले ज्येष्ठ नागरिकका पक्षमा कानुनी प्रवन्ध गर्न र अधिकारका लागि आफू प्रतिवद्ध रहेको बताउनुभयो।

पुरस्कृत व्यक्तित्व वासुदेव पौडेलले ज्येष्ठ नागरिकका पक्षमा बनेका कानुनहरुको कार्यान्वयन हुन नसकेकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले कानुन कार्यान्वयनका लागि सञ्चार क्षेत्रले जहिलेपनि सरकारलाई खवरदारी गर्ने गरेको बताउनुभयो। कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका कार्यवाहक अध्यक्ष रामप्रसाद तिमिल्सिना, गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार विमला भण्डारी लगायतले भनाई राख्नुभएको थियो । विसं २०५३ मा स्थापना भई असहाय एवम् विपन्न ज्येष्ठ नागरिकको सेवा संरक्षणमा क्रियाशील रहँदै आएको पोखरा वृद्धाश्रममा हाल देशका विभिन्न जिल्लाका ५० जना ज्येष्ठ नागरिक १० जना अपाङ्गता भएका ब्यक्तिहरु एवम स्याहारकर्ताले आश्रय लिदै आउनुभएको संस्थाका सचिव धर्म गुरुङले जानकारी दिनुभयो । यसैगरी आश्रमले विशेष गरी पोखरा महानगरका ज्येष्ठ नागरिकलाई प्याथोलोजी, मनोपरामर्श र फिजियोथेरापी सेवा प्रदान गर्दै आएको छ।

# प्रधानमन्त्रीद्वारा ...

प्रवाह, बाढी, पहिरो र डुबानमा परेका व्यक्तिको खोज, उद्धार तथा घाइतेको औषधि उपचार र अवरूद्ध सडक सञ्चालनका लागि अहोरात्र खटिने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवक, आमसर्वसाधारण र सञ्चारकर्मीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो । प्रधानमन्त्री ओलीले विभिन्न स्थानमा अवरुद्ध भएको टेलिफोन एवं विद्युत् सेवा सञ्चालन गर्न क्षतिग्रस्त संरचनाको पुनःनिर्माण एवं पुनःस्थापना गर्ने काम भइरहेको जानकारी गराउँदै यस कार्यलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरिने बताउनुभयो। यसैगरी, प्रधानमन्त्रीले जलविद्युत् उत्पादन अवरुद्ध भएका विद्युत्गृह पुनः सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिइने र सामान्य प्रकृतिका क्षतिको हकमा तत्काल मर्मतसम्भार गरी सञ्चालनमा ल्याइने बताउनुभयो । क्षतिग्रस्त विद्युत् प्रसारण लाइनका संरचनालाई इमर्जेन्सी रेस्टोरेशन टावरमार्फत प्रतिस्थापन गरिने उहाँको भनाइ छ। सरकारले विपद्पश्चात् हुनसक्ने अत्यावश्यक वस्तुको कृत्रिम अभाव, मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न निजी क्षेत्रसमेतको समन्वयमा बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाउने जनाएको छ। बाढी, पहिरोबाट २१ जिल्ला प्रभावित भएका छन् । जसमध्ये काभ्रेपलाञ्चोक, ललितपुर, धादिङ, काठमाडौं, सिन्धुपाल्चोक, सिन्धुली र मकवानपुर जिल्ला अतिप्रभावित भएका छन् । सरकारी तथ्याङ्कअनुसार यस घटनामा हालसम्म प्राप्त विवरणअनुसार दुई सय २४ जनाको मृत्यु, २४ जना बेपत्ता, एक ५८ जना घाइते भएका छन्। उच्च जोखिममा रहेका चार हजार तीन सय ३१ जनालाई उद्धार गरी सुरक्षित स्थानमा पठाइ सकिएको सरकारले जनाएको छ । त्यस्तै, भौतिक क्षतिको प्रारम्भिक आँकलनअनुसार हालसम्ममा खानेपानीका संरचनामा रु तीन अर्ब ५५ करोड, सडक संरचनामा रु दुई अर्ब ५२ करोड, ऊर्जाका पूर्वाधारमा रु चार अर्ब र सिँचाइ पूर्वाधारतर्फ रु एक अर्बको क्षति भएको अनुमान छ।

# पहिराले खानेपानी पाइपमा क्षति पुर्याउँदा पानी वितरण प्रभावित

**पोखरापत्र संवाददाता**
दमौली, १५ असोज

बिहीबार रातिदेखि परेको अविरल वर्षाले व्यास नगरपालिका-१ स्थित भादगाउँ खिरखादी खानेपानी आयोजनाअन्तर्गत मुहानमा मुख्य पाइपमा क्षति पुगेको छ।

निरन्तरको वर्षापछि आएको बाढीले व्यास-१३ जब्दारीस्थित मुहान नजिकको मुख्य पाइपलाइनमा क्षति पुगेपछि पानी वितरण प्रभावित भएको हो।

पाइपलाइन मर्मत भइरहेकाले केही दिन पानी वितरणमा समस्या आउने खानेपानी उपभोक्ता समितिका सचिव राजेश्वर हड्खलेले बताउनुभयो । उहाँले भन्नुभयो, "वर्षाका बेला यसअघि पनि यहाँ बाढीपहिरोको समस्या थियो। मुख्य पाइपमा ठूलो क्षति पुगेकाले अझै केही दिन पानी वितरण गर्न सकिँदैन।" गत भदौ पहिलो सातापनि वर्षासँगैको बाढीपहिरोले व्यास-१३ निउर घारीमा पाइपलाइन क्षति हुँदा एक सातासम्म पानी वितरण प्रभावित भएको थियो । हड्खलेले भन्नुभयो, "पहिरोले यहाँ बेलाबेलामा दुःख दिने गरेको छ। प्रत्येक महिनाजसो बाढीपहिरोले पाइपलाइन क्षति भइरहेको छ।"

उक्त खानेपानी संस्थाले व्यास-१३ का दुई हजार छ सय ८० उपभोक्तालाई पानी वितरण गर्दै आएको छ । उपभोक्ता समितिले १३ किलोमिटर दूरीमा पर्ने खिरखाँदी मुहानबाट पानी ल्याएर वितरण गर्दै आएको हो । समितिले चार वटा मुहानबाट प्रति सेकेण्ड कुल २० लिटर पानी सङ्कलन गरी उपभोक्तालाई वितरण गरिरहेको जनाएको छ । समितिले नगर विकास कोषको सहयोगअन्तर्गत रु तीन करोड ८१ लाख ऋण लगानीमा आयोजना निर्माणको सम्झौता गरेको थियो। खानेपानी तथा सरसफाइ क्षेत्र सह-लगानी आयोजनाअन्तर्गत भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न नगर विकास कोषसँग रु तीन करोड ८१ लाख ऋण सहयोगमा सम्झौता गरिएको समितिका अध्यक्ष चिजबहादुर दरैले बताउनुभयो। व्यास-१ सेवा क्षेत्र रहेको उक्त आयोजनामा सङ्घीय सरकारको ७० प्रतिशत अनुदान रकम, नगर विकास कोषबाट २५ प्रतिशत ऋण सहयोग र पाँच प्रतिशत रकम उपभोक्ता समितिबाट बेहोर्ने गरी निर्माण थालिएको उहाँले जानकारी दिनुभयो। उक्त आयोजनाले सन् २०३३ सम्ममा छ हजार तीन सय ७८ परिवारलाई मुहान स्रोत र सम्पवेल पम्पिङमार्फत् चौबिसै घण्टा खानेपानी पुर्याउने लक्ष्य राखेको छ।

# एकै वर्षमा १० लाख बढीको निगुरो बिक्री

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ भदौं

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवाका स्थानीय शर्मिला पुर्जाले निगुरो सङ्कलन गरी बिक्रीका लागि बागलुङ बजार पठाउनुहुन्छ।

साउनदेखि असोजसम्म पुर्जासहित दोवा गाउँका महिलाको दैनिकी जङ्गलमा निगुरो खोज्ने र बेच्नेमा बित्छ। लेकाली जङ्गलमा उम्रिने निगुरोको बजारमा राम्रो माग हुने गरेको छ । निगुरो उपभोक्ताको रोजाइमा परेपछि शर्मिला पुर्जासहितका महिलाहरूलाई आयआर्जनमा सहयोग पुगेको छ । यस वर्ष मात्रै शर्मिला र मायाकुमारी पुनले रु १० लाख ५० हजारको निगुरो बिक्री गर्नुभयो। पुर्जाले भन्नुभयो, "वन उपभोक्ता



समिति, सङ्कलन कर्ता, गाडी भाडा कटाएर बाँकी रकम नाफा हुन्छ, यहाँका महिलालाई घर खर्च पुग्छ, कम्तीमा एकजनाले एक 'सिजन'मा रु एक लाखभन्दा माथिको निगुरो बिक्री गर्छौं।" पुर्जाले मात्रै यस वर्ष रु आठ लाख ५० हजार र माया पुनले रु दूई लाख ५० हजारको बिक्री गरेको बागलुङ बजारका व्यापारी शंकर रेग्मीले बताउनुभयो । रेग्मीले विगत चार वर्षदेखि निगुरोको बिक्री गर्दै आउनुभएको छ। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवाको जङ्गलमा पाइने निगुरो सदरमुकाम बेनी बजार हुँदै बागलुङबजार ल्याउने गरिएको छ। बागलुङ बजारका व्यापारी रेग्मीले होलसेल मूल्यमा तरकारी व्यापारीलाई निगुरो बिक्री गर्दै आउनुभएको छ। बागलुङमा दोवाको निगुरो होलसेल प्रतिमुठा रु ८० र खुद्रा प्रतिमुठा रु १०० मा बिक्री हुने गरेको छ।


**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था)

कर्पोरेट कार्यालय : महालक्ष्मी-४, ईमाडोल, ललितपुर
फोन नं.: ०१-५९१२७५२/५९१२७५३
Website : www.swmfi.com.np

**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय, महालक्ष्मीमा रहेका मोटरसाइकल बिक्री सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१६)

यस **सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय**मा रहेका सवारी साधन मोटरसाइकल (स्थीर सम्पत्ति) यथास्थितिमा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। खरिद गर्न इच्छुक संघ संस्था तथा व्यक्तिलाई यो सूचना प्रकाशित भएको मितिले १५ कार्यदिन भित्र खरिद गर्न चाहेको मूल्य सहितको दरभाउपत्र प्रस्ताव यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय, सामान्य सेवा विभागमा पेश गर्नुहुन अनुरोध गरिन्छ।

**तपशिल**

| सवारी दर्ता नं. | ग १६ प २३९३ | ग १५ प ८६०१ | ग १५ प ८६०२ | ग १६ प ३६६६ | ग २० प ६७७२ | ग २० प ६७७० | ग ९ प ९२९४ | लु ३९ प १९५९ | ना २१ प ८२८२ | लु ५४ प ५१४ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सवारिको किसिम | नि.मो.सा. | नि.मो.सा. | नि.मो.सा. | नि.मो.सा | नि.मो.सा | नि.मो.सा. | नि.मो.सा. | नि.मो.सा. | नि.मो.सा. | नि.मो.सा. |
| कम्पनीको नाम | Yamaha | Yamaha | Yamaha | Yamaha | Honda | Honda | Honda | Honda | Hero | Bajaj |
| क्षमता | १४९ C.C | १४९ C.C | १४९ C.C | १४९ C.C | १४९ C.C | १४९ C.C | १४९ C.C | १६० C.C | १२४ C.C | २२० C.C |
| फ्युल | पेट्रोल | पेट्रोल | पेट्रोल | पेट्रोल | पेट्रोल | पेट्रोल | पेट्रोल | पेट्रोल | पेट्रोल | पेट्रोल |
| सवारीको मोडेल | SZRR | SZRR | SZRR | SZRR | Unicorn | Unicorn | CB Unicorn | CB Unicorn | Glamour | Avenger |
| बनेको साल | २०१८ | २०१८ | २०१८ | २०१८ | २०२१ | २०२१ | २०१४ | २०१७ | २०१२ | २०१९ |
| इन्जिन नं | G3J5E0055202 | G3J5E0051221 | G3J5E0052190 | G3J5E0058987 | KC31EA2002137 | KC31EA2002098 | KC09E86793992 | KC20E81040712 | JA06EFCGC19440 | PDYCKD37876 |
| च्यासिस नं. | ME1RG4518 J0055197 | ME1RG4517 J0051226 | ME1RG4517 J0052190 | ME1RG4519 J0058984 | ME4KC311 AMA002133 | ME4KC311 AMA002102 | ME4KC09 CGE878335 | ME4KC209 MHL023292 | MBLJA06 EZCGC01822 | MD2A22EY3 KCD132S8 |

सबै सवारी साधनमा सिलिण्डर संख्या-१, चालक सहित सिट क्षमता-२ र सवारीको रङ्ग कालो रहेको छ।

नोटः उक्त स्थिर सम्पत्तीहरुको अवलोकन वा उपयुक्त विषयमा अन्य जानकारी आवश्यक भएमा यस संस्थाको कर्पोरेट कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# राज्यको कमजोरी स्वीकारोक्ति

बाढी पहिरोले प्रभावितको उद्दारमा सरकार चुकेको आरोप खेपेका प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले गरेको पूर्वतयारीभन्दा भिन्नरूपले परिस्थितिको सामना गर्नुपरेको बताएका छन् । गत शुक्रबार र शानिबारको वार्षाका कारण काठमाडौं उपत्यकासहित विभिन्न जिल्लामा आएको बाढी-पहिरो सरकारले सोचेकोभन्दा ठूलो आएको प्रधानमन्त्री ओलीले स्वीकारेका छन । हाम्रो क्षमता, सोचाइ र सामर्थ्य कति छ भन्ने नबुझाउँदा हरेक प्राकृतिक विपत्तिका बेला सरकारको बढी आलोचना हुन्छ ।

राज्य संचालन गरेकाहरुले आफ्नो पालामा भएका कमजोरी विर्सेर सबै कमजोरीको भार सरकारलाई थोपर्ने गर्दछन । प्राकृतिक विपत्ति कुन हदको परेको थियो वा कस्तो खालको थियो भन्ने सम्बन्धित विषयको विज्ञ भन्दा संचार माध्यममा छाइरहने विश्लेषकहरूले भनेको आधारमा धारणा बनाउने पङ्क्तिका कारण विरोध बढी हुनेगरेको छ । राज्यको सामर्थ्य के छ भन्ने नबुझी बोल्दा नेताहरू पटकपटक चिप्लिएका छन ।

हाम्रो तयारी यस प्रकारको परिस्थितिका लागि थिएन । यस प्रकारको वर्षा होला र बाढी पहिरोले ठूलो जनधनको क्षति गर्दा भन्ने हामीले सोचेकै थिएनौं । ठूलै विपत्ति आइलागेको छ । फेरि विपत्ति भनेर आउने पनि होइन,' प्रधानमन्त्रीको स्वीकारोक्ति हो।तीन तहको सरकार भन्ने तर विपत्तिका बेला माथि माथि देखाएर पानी माथिको ओभानो बन्ने धेरै देखिए । सरकारको कमीकमोजरी भए पनि उद्धार र राहतमा सक्ने काम गरिरहेको प्रधानमन्त्रीले बचाउ गरेका छन । विपत्ति कुनै राजनीतिक रंग वा पेसा व्यवसायलाई लक्षित गरेर नआउने भन्दै यस्तो बेला जनताले भोगिरहेको पीडामा उद्धार, राहत, सहयोग र पुनर्निर्माण गर्न सबै एक हुनुपर्ने प्रधानमन्त्रीको भनाइ सरकारको कमी कमजोरीलाई आगामी दिनमा दोहोरिन नदिने प्रतिवद्धता हो ।

कमी कमजोरी हुन्छ । त्यो देखाउन पनि सकिन्छ । त्यस्ता कमजोरीलाई सुधार गर्दै जानुपर्छ । तर, त्यसका बावजुद सुरक्षाकर्मीले राम्रो काम गरेको छ। ४ हजार बढी मान्छेलाई त बचाएको छ । उद्धार गरिएको छ। उनीहरूको जीवन जोगाएको छ । यो कुरा पनि हामीले हेर्नुपर्छ । कतिपय ठाउँमा संरचनाका कारण पनि क्षति व्यहोर्नुपरेको छ । उनले एमाले पार्टी कार्यालयसँगै रहेको च्यासलको पुलका कारण त्यहाँ क्षति हुने गरेको बताए । पुलले पानी नै बग्न नदिएका कारण त्यस क्षेत्रमा समस्या पैदा गरेको प्रधानमन्त्रीको भनाइअहिलेको यथार्थता हो ।

तत्काल उद्धार र पुनःस्थापनासहितको राहत दिएर भौतिक संरचनाको पुनर्निर्माण गरिने प्रधानमन्त्रीको भनाइ अनुसार काम हुन्छ कि हुँदैन भन्ने हरपल खबरदारी गर्नुपर्छ । बगाएका पुलमा तत्काल बेलब्रिज हाल्ने र नबग्नेगरी पक्की पुलको निर्माण गर्ने प्रतिवद्धता जनाए। प्रधानमन्त्री ओलीले किसन र बगेका घरधनीलाई पनि राहत उपलब्ध गराउने बताए । 'केही गोलमाल भएको छैन । सिलसिलेबद्ध रूपमा सबै काम हुन्छ । अहिले दुर्गमजस्तो कुनै ठाउँ छैन,' उनले भने । भनाइ अनुसार काम नहुने ठाउँमा प्रधानमन्त्रीको भनाइ पछि गलपासो नबनोस् ।

# निर्माणाधीन बुर्तिबाङ सबस्टेशनको संरचना उच्च जोखिममा

**रासस**
बागलुङ, १५ भदौं

भारी वर्षाका कारण पहिरोले एक सय ३२ केभी बुर्तिबाङ सबस्टेशनको पर्खाल बगाएको छ । पहिरोले ढोरपाटन नगरपालिका-२ खल्टुबोटस्थित सबस्टेशनको पर्खाल बगाउँदा साढे एक करोडको क्षति भएको हो ।

यसै वर्ष सञ्चालन गर्नेगरी निर्माणाधीन सबस्टेशनको पर्खालसहित विद्युतीय पोलसमेत बगाएको एक सय ३२ केभी बुर्तिबाङ सबस्टेशन आयोजानका प्रमुख मनोज चौधरीले जानकारी दिनुभयो । पर्खाल भत्किएपछि सबस्टेशनको भवनसहित अन्य संरचनासमेत उच्च जोखिममा परेको उहाँको भनाइ छ । असार पहिलो साता नै सञ्चालनमा ल्याउनेगरी आयोजना कार्यालयले काम अगाडि बढाए पनि बडिगाड गाउँपालिका-५ ग्वालीचौरका स्थानीयको अवरोधका कारण अहिलेसम्म सञ्चालनमा आउने थिएन । स्थानीयवासीले केन्द्रीय प्रसारण लाइनको टावर निर्माण गर्न नदिँदा सञ्चालनमा आउन सकेको थिएन ।

९९ प्रतिशत सबस्टेशनको काम सकिए पनि पहिरोले पुनःनिर्माण गर्नुपर्ने स्थिति आएको प्रमुख चौधरी बताउनुहुन्छ । आयोजना चौधरीले भन्नुभयो, "सबस्टेशनको पर्खाल भत्किएर त्यसभन्दा तलको खोला थुनिएको रहेछ, अहिले खुलेको छ, पहिरोले पक्की पर्खाल बगाउँदा ठूलो क्षति भएको छ, झण्डै रु एक करोड ५० लाख बढीको क्षति हुँदा सबस्टेशन सञ्चालन गर्न केही समय लाग्ने छ, पहिरो गएको ठाउँमा फेरि काम गर्नुपर्‍यो ।" कपिलवस्तुको मोतिपुरबाट सुरु भएर अर्घाखाँचीको सन्धिखर्क गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने एक सय ३२ केभीको सबस्टेशन २०७८ सालदेखि निर्माण सुरु भएको थियो ।

ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सबस्टेशनको निर्माण भएको छ । विसं २०७६ मा ठेक्का प्रक्रिया अगाडि बढाए पनि दुई वर्षपछि मात्र काम सुरु भएको थियो । मोतिपुरबाट सन्धिखर्कसम्मको लाइन २०७८ चैत १२ गते परीक्षण गरी सुरु गरिएको भन्दै गुल्मीको तम्घासको सबस्टेशन असार ७ गतेदेखि सञ्चालनमा आएको प्रमुख चौधरीले जानकारी दिनुभयो। गुल्मीको पौँदीअमराई र बागलुङको बुर्तिबाङ सबस्टेशन एकैपटक सञ्चालन गरिने उहाँ बताउनुहुन्छ । उहाँका अनुसार पौँदीअमराईबाट बुर्तिबाङसम्मको १४ किलोमिटरको दूरीमा ४१ वटा टावर निर्माण गर्नुपर्ने भन्दै हालसम्म २६ वटा निर्माण भइसकेको र अझै केही निर्माण गर्न बाँकी छन् ।

सबस्टेशन निर्माणका लागि पाँच वर्ष अगाडि ठेक्का प्रक्रिया गरी ४० करोडमा मुडभरी/जोशी/गौरा जेबीलाई जिम्मा लिएको थियो। लाइन विस्तारका लागि रु ८३ करोडको लागतमा सिक्माकोन/एमएसपील जेभीलाई जिम्मा दिइएको थियो । कपिलवस्तुबाट बुर्तिबाङ ८६ किलोमिटर दूरी रहेको छ । यहाँ डबल सर्किटको तार विस्तार हुने प्रमुख चौधरी बताउनुहुन्छ ।

# दुई सय वर्ष पुरानो रानीपौवाको धर्मशाला जीर्ण

**रासस**
म्याग्दी, १५ भदौं

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा रहेको हिन्दू तथा बौद्ध धर्मावम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथमा दुई दशकअघिसम्म यातायात, होटल तथा लजको सुविधा थिएन ।

तीर्थयात्रामा जाँदा खाने र बस्ने सामानसँगै लैजानुपर्दथ्यो । दिनभरि पैदलयात्रा गर्ने तीर्थयात्री साँझ-बिहान धर्मशालामा खाना पकाएर खाने र बस्ने गर्दथे । तत्कालीन राजा गिर्वाणयुद्ध विक्रम शाहले आफ्नी रानीको इच्छाअनुसार विसं १८६३ मा मुक्तिनाथ मन्दिर नजिकै धर्मशाला बनाउन लगाउनुभएको थियो ।

रानीको नामबाट धर्मशाला निर्माण भएकाले सो ठाउँ रानीपौवाको नामले परिचय बनाएको छ । राजा गिर्वाणयुद्धले म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरका वसन्त बोगटीलाई मुक्तिनाथमा धर्मशाला निर्माणको जिम्मेवारी दिनुभएको थियो । बोगटीले पर्वतको कुश्मा नजिकैको छमर्केको जङ्गलबाट सालको काठ म्याग्दीको हिस्तान घराम्दीका भरिया लगाएर मुक्तिनाथ लैजानुभएको इतिहास छ । रानीपौवा निर्माण गर्ने जिम्मेवारी पूरा गरेबापत गिर्वाणयुद्धले वसन्त बोगटीलाई म्याग्दीको राखु पिप्लेमा तीन सय एक रोपनी जग्गा बक्सिस दिनुभएको थियो । सो जग्गामा तुलफूल लगाएर मुक्तिनाथ जाने आउने तीर्थयात्रीलाई खुवाउने र उत्पादित खाद्यान्न हरेक वर्षको जेष्ठी पूर्णिमाका गायत्री मन्दिरमा साधुसन्तलाई भोजन गराउने चलन अझै पनि छ । दुई सय १८ वर्षअघि ढुङ्गा, माटो र काठको प्रयोग गरेर निर्माण भएको दुईतले सो धर्मशालामा दैनिक पाँच सय जना बास बस्न सक्ने क्षमता रहेको हेरचाहकर्ता गोविन्द आचार्यले बताउनुभयो । "होटलमा बस्न सक्ने क्षमता र इच्छा नभएका तीर्थयात्रीहरू अझै पनि धर्मशालामा बास बस्न आउनुहुन्छ", उहाँले भन्नुभयो, "मर्मत अभावका कारण धर्मशालाको भवनमा पानी चुहिन थालेपछि समस्या भएको छ ।" बडादसैँ र चैतेदसैँको सोह्र श्राद्धको समयमा तीर्थयात्रीको धर्मशालामा भीड हुन्छ । अन्य समयमा साधुहरूले धर्मशालामा आश्रय लिन्छन् । पानी धेरै पर्न थालेकाले माटोको छाना चुहिन थालेको र विसं २०७२ को भूकम्पले पर्खाल चर्किएकाले धर्मशालाको भवन जीर्ण बनेको आचार्यले बताउनुभयो । रानीपौवाको धर्मशालामा गत भदौसम्म प्रहरी चौकी पनि थियो । नयाँ भवन निर्माण भएपछि प्रहरी चौकीको कार्यालय धर्मशालाबाट सारिएको छ । स्वामी कमलनयनाचार्यले संरक्षण गर्नुभएको धर्मशालामा निःशुल्क भोजन र आवास सुविधा छ ।

मुक्तिनाथ र दामोदरकुण्डका तीर्थयात्रीका लागि दाताबाट दाल, चामल, तरकारी सहयोग जुटाएर मुस्ताङको रानीपौवाको साथै यारा, कागबेनी, जोमसोम, म्याग्दीको गलेश्वर, बागलुङको कुडुले, पञ्चकोट, पोखराको रामघाट, नवलपुरको त्रिवेणी र काठमाडौँमा धर्मशाला सञ्चालन भएको छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङले रानीपौवाको धर्मशाला मर्मतका लागि सङ्घीय सरकारबाट चालु आर्थिक वर्ष २०८०/८१ मा रु ९० लाख बजेट प्राप्त भएको बताउनुभयो । सो बजेटबाट धर्मशालाको ऐतिहासिक र मौलिकता ननासिने गरी मर्मतको काम गर्ने तयारी भएको उहाँले बताउनुभयो । माटोको छानोमाथि जस्तापाता राख्ने र पानी चुहिनबाट बचाउने योजना रहेको अध्यक्ष गुरुङले बताउनुभयो ।

# सुलिकोटद्धारा अभिभावकविहीन बालबालिकालाई कपडा वितरण

**पोखरापत्र संवाददाता**
गोरखा, १५ असोज

गोरखाका बारपाक सुलिकोट गाउँपालिकाले दसैँका अवसरमा अभिभावकविहीन बालबालिकालाई नयाँ लत्ताकपडा वितरण गरेको छ । गाउँपालिकाले सञ्चालन गर्दै आएको निःशुल्क छात्रावासमा बसेर पठनपाठन गर्दै आएका अभिभावकविहीन बालबालिकालाई दसैँका लागि नयाँ कपडा खरिद गरी वितरण गरिएको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो ।

"गाउँघरमा दसैँमा नयाँ कपडा लगाउने, मिठोमसिनो खाने र दसैँ धुमधामका साथ मनाउने प्रचलन पुरानै हो, नयाँ कपडा नलगाएसम्म बालबालिकामा दसैँ आएको अनुभूति पनि हुँदैन, अभिभावकविहीन बालबालिकालाई दसैँमा आफ्ना अभिभावक नभएको अनुभूति नहोस् भन्नका लागि गाउँपालिकाको तर्फबाट नयाँ लत्ताकपडा वितरण गरिएको हो", उहाँले भन्नुभयो । गाउँपालिकाले पालिकाभित्रका अभिभावकविहीन बालबालिकाकालाई चालु शैक्षिकसत्रदेखि वडा नं ६ बाह्रकोटमा निःशुल्क खान, बस्न र पठनपाठनको सुविधासहित मनास्लु छात्रावास सञ्चालन गर्दै आएको छ। सोही छात्रावासमा बस्दै आएका १९ अभिभावकविहीन बालबालिकालाई गाउँपालिकाले नयाँ कपडा वितरण गरेको हो ।

"रोजाइअनुसार केटाका लागि टिर्सट, पाइन्ट ज्याकेट, चप्पल र केटीका लागि कुर्तासुरुवाल, टिर्सट पाइन्टलगायत आफ्नो रोजाइको कपडा वितरण गरिएको छ", अध्यक्ष भट्टले भन्नुभयो, "नयाँ कपडा पाएपछि उनीहरूलाई दसैँ आएको अनुभूति भएको पाएका छौँ, सबै जना खुसी छन् ।"

उक्त छात्रावासमा बस्ने बालबालिकालाई गाउँपालिकाले स्थानीय सूर्यज्योति माध्यामिक विद्यालयमा कक्षा १२ सम्म निःशुल्क पठनपाठनको व्यवस्था मिलाउँदै आएको छ । गाउँपालिकाले अभिभावकविहीन बालबालिकालाई शिक्षाबाट वञ्चित हुन नदिन नीति नै बनाएर निःशुल्क छात्रावास कार्यक्रम लागू गरेको हो । निःशुल्क छात्रावास सञ्चालनसँगै पालिकाभित्र अर्थाभावका कारण कोही पनि अभिभावकविहीन तथा विपन्न बालबालिका विद्यालय जानबाट वञ्चित हुन नपर्ने गाउँपालिका अध्यक्ष भट्ट बताउनुहुन्छ । कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले चालु आर्थिक वर्षका लागि रु १२ लाख विनियोजन गरेर कार्यक्रम सञ्चालन गरेको उहाँले बताउनुभयो ।

# बिस वर्षदेखि राजमार्गमा गाउँले स्वाद पस्किरहेका मनहरि

**रासस**
गण्डकी, १५ असोज

झरी थामिएपछि आज घमाइलो बिहानमा मनहरि भण्डारी गोठबाट गाई दुहेर घर फर्कदैँ हुनुहुन्थ्यो । यत्तिकैमा हामीले उहाँलाई सोध्यौँ, "गाईले कति दूध दिन्छ बुबा ?" ६० वर्षीय भण्डारीले भन्नुभयो, "एक साँधमा चार लिटर, दिनको १२ माना जति हुन्छ ।" यति भनिसक्दा बाल्टीको दूध कुँडेमा खनाएर उहाँ अगेनातिर जानुभयो ।

फलामको कराइमा रैथाने बोकाको पाकिरहेको मासु विस्तारै चलाउँदै भण्डारीले सुनाउनुभयो, "यो चुलोमा खाना पकाउन लागेको २० वर्ष भयो, सबै खानेकुरा दाउराको आगोमा पकाउँछौँ ।" भान्छाको काम छिमल्दै उहाँले केहीबेर हामीसँग कुराकानी गर्नुभयो । "पुरानो घरमा किराना र कपडा पसल थियो, पछि खाजाघर सञ्चालन गर्ने सोच आयो, यहाँ आएपछि चिनारी र सफलता दुवै मिल्यो ।" मध्यपहाडी राजमार्गअन्तर्गत कास्कीको अन्नपूर्ण गाउँपालिका-२ नागडाँडाका भण्डारीले २२ वर्षअघि यो घर किन्दा वरिपरि वनपाखा मात्र देखिन्थ्यो । पक्की घर बनिसकेका थिएनन् । धवलागिरि क्षेत्र जोड्ने उक्त राजमार्ग भएकाले सो क्षेत्र हुँदै यात्रुको आवातजावत भने बाक्लै हुन्थ्यो । नजिकैको पर्यटकीय सहर पोखराबाट घुमफिरका लागि पनि मनिस नागडाँडासम्म पुग्थे । पुख्यौंली थलो नजिकै राजमार्गछेउ घर किन्नुभएका भण्डारीले राजमार्गका यात्रु र अन्य पाहुनालाई लक्षित गाउँले प्रकृतिको खाजाघर सञ्चालन गर्नुभयो । 'हाम्रो भण्डारी खाजाघर'का नाममा रहेको उक्त खाजाघरलाई कतिपयले 'भण्डारी बा'को खाजाघर पनि भन्छन् । पाको उमेरमा खाजाघरमा गाउँले स्वाद पस्किरहनुभएका उहाँले २० वर्षदेखि राजमार्गका पाहुनाको मन जितिरहनुभएको छ । राजमार्गमा यात्रुको चापसँगै पर्यटकीय गतिविधि बढेपछि खाजाघरको क्षमता विस्तार गर्दै लगेको उहाँले बताउनुभयो । यात्रुदेखि अन्य पाहुना त्यहाँको रैथाने जातको बोका र कुखुराका परिकारमा बढी लोभिने गर्छन् । खानादेखि खाजाका सबै परिकार दाउराको आगोमा पकाएर पस्कने गरेको भण्डारीले बताउनुभयो । जैविक र गाउँले स्वादका कारण उक्त खाजाघर ग्राहकको रोजाइमा परेको हो । "स्थानीय खानाका परिकार पाहुनालाई टकाछौँ", उहाँले भन्नुभयो, "भात पनि रैथाने जेठोबुढो, पहेँलेलगायत चामलको पकाउँछौँ ।" खाजाघरमा पाइने तातो दूधले पनि पाहुनालाई लोभ्याउने गरेको छ । स्थानीय किसानकहाँबाट ल्याइने भैँसी र गाईको दूध पाहुनाले स्वाद मानेर खान्छन् । खाजाघरमै बसेर दूध पिउनेदेखि किनेर घरमा लैजानेसम्मको सुविधा रहेको उहाँको भनाइ छ ।

मासु, तरकारी लाई चाहिने मरमसलापनि सिलौटौमा पिन्ने गरेको उहाँले सुनाउनुभयो । लसुन, प्याज पनि गाउँघरकै प्रयोग गर्ने गरिएको भण्डारीले सुनाउनुभयो । यामअनुसार गाउँमा उब्जेकोतरकारी पनि उहाँले बिक्रीमा राख्दै आउनुभएको छ । लेकाली निगुरो, काँक्रो, घिरौँलालगायत हरियो तरकारी अहिले पनि बेचिरहेको भण्डारीले बताउनुभयो । "बजारबाट हामीले धेरै सामान किन्दैनौँ, भान्छामा अधिकांश थानीय उत्पादनको प्रयोग हुन्छ", उहाँले भन्नुभयो, "ग्राहकले हाम्रो खाना र आतिथ्यता संस्कारलाई मन पराइदिनुभएको छ, यसमै हामी खुसी छौँ, व्यवसायबाट हाम्रो परिवार सन्तुष्ट छ ।" खाजाघरमा मासुभातको रु चार सय ५० र मासु चिउराको रु दुई सय ५० मूल्य तोकिएको छ । पाहुनाको माग हुँदा अन्य हलुका चियाखाजा पनि उपलब्ध गराउने गरेको भण्डारीले बताउनुभयो । भण्डारीलाई व्यवसायमा श्रीमती चन्द्रकला, छोरा सुदर्शन, सुनिल र बुहारी बिमलाले सघाउँदै आउनुभएको छ । दैनिक एक सयभन्दा बढी पाहुनालाई खाजाघरले सेवा पुर्‍याउँदै आएको छ । "धेरैजसो यहाँ खाजाका लागि आउनुहुन्छ, खाना खानेको सङ्ख्या केही कम छ", भण्डारीका छोरा सुनिलले भन्नुभयो, "विशेष गरी दाउराको चुलोमा पाक्ने स्थानीय जातको बोका र कुखुराका परिकार पाहुनाको रोजाइमा पर्ने गरेको छ ।"

इञ्जिनियर विषयको पढाइ पूरा गरिसक्नुभएका सुनिल पनि अहिले बुबासँगै सोही व्यवसायमा जोडिनुभएको छ । दसवर्ष विदेश बसेर फर्कनुभएका भण्डारीका जेठा छोरा सुदर्शन पनि अहिले घरमै बसेर सोही व्यवसायमा हातेमालो गरिरहनुभएको छ । "घरपरिवारको राम्रो साथ र सहयोग छ", भण्डारीले भन्नुभयो, "भान्छामा म आफै पकाउँछु, मैले नभ्याउँदा श्रीमतीले सघाउँछिन्, छोराछोरी पनि काममा उत्तिकै खटिन्छन् ।" ६० वर्षको उमेरमा पनि उहाँले व्यवसायप्रति देखाएको लगाव र परिश्रमलाई धेरैले प्रशंसा गर्ने गरेका छन् । उहाँको प्रेरणाबाट सो क्षेत्रमा अन्य व्यवसायीलले पनि खाजाघर सञ्चालनमा ल्याएका छन् । ती खाजाघरले पनि मौलिक ढङ्गबाट व्यवसाय प्रवर्द्धन गरिरहेका छन् । "हामीले सुरुमा खाजाघर सञ्चालन गर्दा यहाँ यतिधेरै घर पनि बनेका थिएनन्, अहिले खाजाघर पनि थपिएका छन्, यस क्षेत्रको व्यवसाय विस्तार हुँदै गएको छ", भण्डारीले भन्नुभयो ।

# तनहुँको म्याग्देमा आधारभूत अस्पताल निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ असोज

यहाँको म्याग्दे गाउँपालिका-४ थर्पु बजार नजिक निर्माणाधीन १० शय्याको आधारभूत अस्पताल निर्माणको अन्तिम चरणमा पुगेको छ ।

उक्त अस्पताल आगामी कात्तिक मसान्तभित्र सञ्चालनमा ल्याउने तयारीका साथ रङरोगन भइरहेको गाउँपालिकाले जनाएको छ । विसं २०७८ जेठ २ गतेदेखि निर्माण सुरु भएको अस्पताल भवन निर्माण अन्तिम चरणमा पुगेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार भवन निर्माणको ठेक्का ऋषि शक्ति/होम निर्माण जेभी कम्पनीले पाएको थियो ।

उक्त भवन विसं २०८० जेठ १० गतेभित्र सम्पन्न गर्नुपर्ने सम्झौता थियो । अस्पताल भवन निर्माण गर्न सात करोड ३४ लाख ५० हजार एक सय ९६ रुपैयाँमा ठेक्का लागेको थियो । हरेक स्थानीय तहमा आधार भूत अस्पताल निर्माण गर्ने सङ्घीय सरकारको निर्णय बमोजिम अस्पताल निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । "मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको स्वास्थ्य हो, स्वास्थ्य सेवाको सहज पहुँच नहुँदा म्याग्देवासी समस्यामा छन्", उहाँले भन्नुभयो, "अब अस्पताल सञ्चालनमा आएसँगै यो समस्या समाधान हुनेछ ।" अस्पतालमा एक मेडिकल अधिकृत, एक नर्सिङ अधिकृत, चार स्टाफ नर्स, चार 'हेल्थ असिसटेन्ट' र दुई फार्मेसीलगायत २३ जनाको दरबन्दी रहने छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ज्येष्ठ नागरिक लक्षित कानुन कार्यान्वयनमा चुनौती

**वासुदेव पौडेल**
पोखरा, १५ असोज

ज्येष्ठ नागरिकको हकलाई संविधानमा मौलिक हकका रूपमा राखिएको छ। नेपालको संविधानसँगै २०६३ सालमा आएको ज्येष्ठ नागरिक ऐन र २०६८ मा आएको नियमावलीले स्पष्ट रूपमा नै ज्येष्ठ नागरिकका हक तथा अधिकारलाई उल्लेख गरेको छ।

तथ्याङ्कअनुसार देशको कूल जनसङ्ख्याको करिब ११ प्रतिशत व्यक्ति ज्येष्ठ नागरिक छन् । नेपालको संविधानको भाग ३, धारा ४१ मा ज्येष्ठ नागरिकको मौलिक हकका रूपमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' उल्लेख छ। संविधानतः नै ज्येष्ठ नागरिकका मौलिक हक सुनिश्चित गरिनुका साथै ज्येष्ठ नागरिक ऐन तथा त्यससँग सम्बन्धित कानुन बने पनि त्यसको कार्यान्वयन पक्ष अझै प्रभावकारी बन्न नसक्दा ज्येष्ठ नागरिक आफूले प्राप्त गर्नुपर्ने धेरै सेवा सुविधाबाट वञ्चित बनिरहेको ज्येष्ठ नागरिक महासङ्घ केन्द्रीय समितिका सचिव एवम् गण्डकी प्रदेशका अध्यक्ष कुसुमकेशव पराजुलीले जानकारी दिनुभयो।

"संविधानमा नै ज्येष्ठ नागरिकको हकलाई मौलिक हकमा उल्लेख गरी त्यसअनुरुप विभिन्न ऐन कानुन बनिसकेको अवस्थामा पनि त्यसको कार्यान्वयन पक्ष अझै प्रभावकारी बन्न सकेको छैन", उहाँले भन्नुभयो, "स्वास्थ्य बीमामा ज्येष्ठ नागरिकलाई दिने भनिएको सेवा सुविधा पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन भने सार्वजनिक यातायातमा पाउने भनिएको ५० प्रतिशत सहुलियत उनीहरूले पाउन सकेका छैनन्।

अस्पतालहरूमा ज्येष्ठ नागरिकका लागि वार्ड छुट्याइए पनि सेवाको सहज पहुँच अझै प्राप्त हुन नसकेको उहाँले बताउनुभयो। नेपाल सरकारले ७० वर्ष उमेर पूरा भएका नागरिकलाई वृद्ध भत्ता उपलब्ध गराउँदै आएको छ। ज्येष्ठ नागरिकलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराएको छ । राज्यले दिएको परिचयपत्रका आधारमा स्वास्थ्योपचार, यातायातलगायत क्षेत्रमा सहुलियत पाउने भनिए पनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा ज्येष्ठ नागरिकहरू समस्यामा परिरहेको ज्येष्ठ नागरिक महासङ्घ कास्कीका पूर्वअध्यक्ष विश्वेश्वर हरामीले बताउनुभयो। "ज्येष्ठ नागरिकले यातायातमा सहुलियत पाउन नसकेको सम्बन्धमा महानगर प्रमुखसहित सम्बद्ध पक्षसँग पटक-पटक गुनासो गरिहेपनि त्यसको कुनै सुनुवाइ हुन सकेको छैन", उहाँले भन्नुभयो, "स्वास्थ्योपचारमा समेत बीमाको सुविधा पनि सहज रूपमा पाउन नसक्नु, लामो समय लाइनमा उभिएर सेवा लिनुपरेका धेरै समस्या कायमै छन्।"

महँगो औषधि बाहिर किन्नुपर्ने र सस्तो औषधि मात्रै बीमाबापत पाउने गरिएको उहाँले अनुभव सुनाउनुभयो। सरकारले सबै स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकको उपचारका लागि वार्ड राख्ने भने पनि त्यसअनुरुप अस्पतालमा अझै व्यवस्था नगरिएको ज्येष्ठ नागरिकहरूको गुनासो छ।

**वृद्धाश्रम तथा ज्येष्ठ नागरिक सेवा केन्द्र सहयोगी बन्दै**

ज्येष्ठ नागरिकलाई कानुनले व्यवस्था गरे अनुसार सेवा सुविधा प्राप्त हुन नसकेको गुनासो कायमै रहँदा असहाय ज्येष्ठ नागरिकलाई लक्षित गरी सञ्चालन गरिएका बृद्धाश्रम तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भने उनीहरूका लागि सहयोगी बनेका छन्। पोखरा महानगरपालिका-१७ महतगौँडास्थित पोखरा वृद्धाश्रम, पोखरा महानगरपालिका-३२ लामेआहालस्थित राधाकृष्ण वृद्धाश्रम, पोखरा १५ स्थित वात्स्यायन वृद्धाश्रम जस्ता केही वृद्धाश्रम असहाय ज्येष्ठ नागरिकका लागि सहयोगी बनेका छन्।

वृद्धाश्रमसँगै विभिन्न सङ्घ संस्थाको पहलमा सञ्चालनमा आएका ज्येष्ठ नागरिक मिलन केन्द्र उनीहरूलाई दिउँसोको समय बिताउनका लागि सहज भएका छन् । पोखरा-१७ महतगौँडामा असहाय ज्येष्ठ नागरिकका लागि सारथी बनिरहेको पोखरा वृद्धाश्रमले ज्येष्ठ नागरिकका लागि दिवा सेवा कार्यकक्रम पनि सञ्चालन गरिरहेको वृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार वृद्धाश्रममा आश्रित ५० जना ज्येष्ठ नागरिकका साथै आसपासका क्षेत्रबाट आउने करिब १० जना ज्येष्ठ नागरिकले दिवा सेवा कार्यक्रम अन्तर्गत सेवा लिइरहनु भएको उहाँले बताउनुभयो। दिवा सेवा कार्यक्रम अन्तर्गत निःशुल्क चिया तथा खाजाका साथै नियमित भजन, प्रवचन, स्वास्थ्य सचेतना आदि सञ्चालन भइरहेको छ । वृद्धाश्रमले समय समयमा ज्येष्ठ नागरिकलाई धार्मिक अवलोकन भ्रमण समेत गराउँदै आएको उहाँले बताउनुभयो । पोखराको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले २०७२ माघ ४ गतेदेखि सञ्चालनमा ल्याएको ज्येष्ठ नागरिक मिलन केन्द्र आसपासका ज्येष्ठ नागरिकका लागि बरदान सावित बनेको छ । विन्ध्यवासिनी मन्दिर परिसरमा सञ्चालित केन्द्रमा दैनिक ६० जनासम्म आउने गरेको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो। केन्द्रमा चिया खाजाको पनि व्यवस्था समितिले गरेको छ भने त्यहाँ ज्येष्ठ नागरिकहरू एक आपसामा सुख,दुःखका कुरा गर्ने, भजनकीर्तनमा रमाउने र बेलुका घरका सदस्यसँग बस्ने पाउने भएकाले त्यसबाट लाभान्वित बनेका छन् । समितिले नदीपुरस्थित सञ्चालन गरिरहेको प्राकृतिक चिकित्सालय परिसरमा आसपासका अन्य ज्येष्ठ नागरिकलाई दिवा सेवा दिने लक्ष्यका साथ भवन निर्माण गरिरहेको ज्येष्ठ नागरिक मिलन केन्द्र संयोजक रमेशप्रसाद अधिकारीले जानकारी दिनुभयो। पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालमा सञ्चालित राधाकृष्ण वृद्धाश्रमले आवासीय रूपमा बस्ने ५० जना ज्येष्ठ नागरिकका साथै वरपरका ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्रसमेत सञ्चालन गर्दै आएको वृद्धाश्रमका अध्यक्ष प्रेम लिगलले जानकारी दिनुभयो । उहाँका अनुसार दिवा सेवा केन्द्रमा भजनकीर्तन, प्रवचन आदि कार्यक्रम सञ्चालन गरिँदै आइएको छ। परिवारका सदस्य स्कूल, कलेज, सरकारी सेवालगायत अन्य काममा जाँदा ज्येष्ठ नागरिकले घर कुर्नुपर्ने र एक्लै बस्दा समय बिताउन गाह्रो पर्नेका लागि सञ्चालित यस्ता दिवा सेवा केन्द्र उपयोगी बनेको ज्येष्ठ नागरिकको अनुभव छ।

# तीन महिनादेखि बागलुङका अधिकांश ग्रामीण सडक ठप्प

**डम्मर बुढामगर**
बागलुङ, १५ असोज/रासस

बागलुङका अधिकांश ग्रामीण सडक तीन महिनादेखि अवरुद्ध छन्। वर्षात्का कारण ठाउँठाउँमा पहिरो जाँदा सडक अवरुद्ध भएका सडक वर्षा नरोकिँदा स्थानीय तहले खुलाउन सकिरहेका छैनन्।

चार नगरपालिका र छ गाउँपालिका रहेको बागलुङमा अधिकांश बस्तीसम्म सडक पुगे पनि हिउँदको समयमा यातायात सञ्चालन हुन्छन्, बर्खाको करिब चार महिना ठप्प हुन्छन्। बर्खामा सबैभन्दा कम तमानखोला गाउँपालिकामा सवारीसाधन सञ्चालन हुने गरेका स्थानीय बताउँछन्।

तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गा दोभान बजारबाट वडा नं १ को स्याउला, पहिरागाउँ, वडा नं ३ को तमान, ४ को हिले लाम्मेला, वडा नं ५ को खुङ्खानीथास्पुरी र वडा नं ६ को नर्जाखानी, भित्रिवनपाल्लेलगायत गाउँमा पुग्ने सडक ठप्प भएका तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले जानकारी दिनुभयो। जिल्लाका ग्रामीण सडकमा स्थानीय खोलामा पानीको बहाव नघट्दासम्म सञ्चालनमा आउनसक्ने स्थिति नरहेको उहाँले बताउनुभयो।

असोजको अन्तिम सातासम्म खोलामा पानीको बहाव घट्ने र पहिरोले अवरुद्ध भएको सडक खुलाएपछि सवारीसाधन सञ्चालनमा आउने बुढामगरले बताउनुभयो। "तीन वर्ष अगाडिसम्म बुर्तिबाङ बजारबाट पालिकाको केन्द्र बोङ्गा दोभानसम्म पुग्न दुई स्थानमा गाडी परिवर्तन गर्नुपर्थ्यो । ढोरपाटन नगरपालिका-४ हुन्द्राफेँदी र भालिबाङखोलामा दुई मोटरेबल पुल निर्माण भएपछि बाह्रै महिना यातायात सञ्चालन हुन थालेका छन्", उहाँले भन्नुभयो। अहिले पालिकाको केन्द्रबाट वडा नं २ को खोलेस्वाङबाहेक अन्य सबै वडामा बर्खामा सिधा यातायात सञ्चालन हुन सक्दैन । वडा नं ३ को तमान गाउँ पुग्नका लागि बुर्तिबाङबाट खुङ्गा हुँदै सिधा यातायात सञ्चालन भए पनि पालिकाको केन्द्रबाट भने हुन सक्दैन । सबैभन्दा टाढाको गाउँ नर्जाखानी, पाल्ले र भित्रीवन पुग्न पाँच वटा मोटरेबल पुलको आवश्यकता पर्ने तमानखोला गाउँपालिकाका अध्यक्ष बुढामगरले जानकारी दिनुभयो।

उहाँका अनुसार वडा नं ५ को खुङ्खानी पुग्न तीन, पहिरा पुग्न तीन, स्याउला र हिजा पुग्न एउटा पुल आवश्यक छ। अहिलेसम्म एक स्थानमा पुल बने पनि अरु स्थानमा पुल नबन्दा स्थानीय मर्कामा परेका अध्यक्ष बुढामगरले बताउनुभयो। "तमान खोलामा छरिएर रहेका गाउँ र बस्ती पनि छरिएका छन्, सबैतिर सडकको पहुँच पुगे पनि स्रोतसाधनको अभावले खोलामा पुल बनाउन सकिएको छैन । यहाँ करिब एक दर्जन पुल निर्माण हुनुपर्ने हो, सबै पुल बनाउन पालिकासँग बजेट छैन", अध्यक्ष बुढामगरले भन्नुभयो, "प्रदेश र केन्द्र सरकारसँग माग गरिरहेका छौँ, बर्खाको करिब तीन महिना गाउँमा गाडी नचल्दा स्थानीयले समस्या भोग्नुपरेको छ।" जिल्लाको बडिगाड गाउँपालिकामा यस वर्ष पहिराले सडकमा ठूलो क्षति पुऱ्याएको गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो । यस वर्षको वर्षाले ग्रामीण सडक भत्किँदा करिब रु १५ करोडको क्षति भएको उहाँले बताउनुभयो । पालिकाले बर्खाले बिगारेको सडक मर्मतका लागि रु ६० लाख विनियोजन गरे पनि उक्त बजेटले केही ठाउँमा मात्रै सडक सञ्चालनमा ल्याउन सकिने अध्यक्ष अधिकारीले बताउनुभयो।

गाउँपालिकाभित्र रहेका दर्लिङ, नयाँ गाउँ, मालारानी, आरुपाटा, निगल पानी पुग्ने सडक पूर्ण रुपमा ठप्प भएका उहाँले जानकारी दिनुभयो। "यो वर्ष बडिगाडमा बाढीपहिरोले सडकमा ठूलो क्षति पुऱ्याएको छ, चाडवाड नजिक आइरहेका छन् । वर्षा नरोकिँदा सडक मर्मतमा समस्या भइरहेको छ। दुई साता अघि पानी पर्न कम भएपछि अवरुद्ध सडक खुलाउने तयारी गरे पनि अहिले पुनः वर्षा भएर सम्भव भएन्", अध्यक्ष अधिकारीले भन्नुभयो, "असारको दोस्रो हप्तादेखि बडिगाडका ग्रामीण सडक बन्द छन्। चाडबाड दैनिक उपभोग्य वस्तु ढुवानी गर्न कठिन भएको छ, हामी सडक सञ्चालन गर्न प्रयासरत छौँ।"

जिल्लाको तमानखोला, निसीखोला,काठेखोला,ताराखोलार बरेङ गाउँपालिका तथा बागलुङ, गलकोट, जैमिनी र ढोरपाटन नगरपालिकाका अधिकांश ग्रामीण सडक अवरुद्ध छन्। तीन महिनादेखि गाउँमा आउने सडक पूर्ण रुपमा बन्द हुँदा सामान ढुवानी गर्न समस्या भएको तमानखोला गाउँपालिका-६ का पूर्णबहादुर छन्त्यालले बताउनुभयो। हिउँदको समयमा जसोतसो गाडी सञ्चालन भए पनि बर्खामा ठप्पै हुने बताउँदै दशक अगाडि गाउँमा सडक नपुग्दा पैदल हिँडेरै बजार पुगेर सामान ल्याउने गरेको उहाँले स्मरण गर्नुभयो।

छन्त्यालले भन्नुभयो, "दसैँ आयो, बर्खा नलाग्दै बजारबाट ल्याएको सामान सबै सकिन थाल्यो । पानी निरन्तर परिरहेकाले खोलाको पानी घटेको सम्भावना अझै छैन, बर्खामा स्थानीयले धेरै समस्या भोग्नुपरेको छ।" सडक मर्मत गरी आवागमन सहज बनाउन उहाँले सरोकार भएका निकायलाई आग्रह गर्नुभयो।

# फ्रेन्चाइज लिग भलिबल कर्णालीको जीत

**रासस**
काठमाडौं, १५ भदौं

नेपालमा पहिलो पटक आयोजना भएको फ्रेन्चाइज एभरेष्ट महिला भलिबल लिग प्रतियोगिताअन्तर्गत आज भएको खेलमा कर्णाली यसभिस विजयी भएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कर्भडहलमा बुधबार भएको खेलमा कर्णालीले गण्डकी थन्डर्सलाई ३-२ को सेटमा पराजित गर्दै विजयी भएको हो। खेलमा कर्णालीले पहिलो सेट २५-१५ ले आफ्नो पक्षमा पाऱ्यो। त्यस्तै खेलको दोस्रो र तेस्रो सेट भने गण्डकीले आफ्नो पक्षमा पाऱ्यो । गण्डकीले खेलको दोस्रो सेट २५-२२ र २५-१७ ले आफ्नो पक्षमा पाऱ्यो।

त्यसपछिको दुई सेटमा पुनरागमन गर्दै कर्णालीले प्रतियोगितामा जित हासिल गऱ्यो । कर्णाली खेलको चौथो सेट २५-१९ र पाँचौं तथा अन्तिम निर्णायक सेट १५-१२ ले आफनो पक्षमा पार्दै जित हासिल गऱ्यो । इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा नेपाली भलिबल इतिहामै पहिलो आयोजना भएको उक्त प्रतियोगितामा ६ फ्रेन्चाइज टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा काठमाडौँ स्पाइकर्ससँगै ललितपुर क्विन्स, मधेस युनाइटेड, चितवन शक्ति, गण्डकी थन्डर्स र टिम कर्णाली यसभिस रहेका छन् । हरेक टोलीमा विदेशी खेलाडीको सहभागिता रहेको छ।


# तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०६/१६)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०८१/०५/०६ गतेको समाधान पत्रिकामा सूचना गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | ऋणी सदस्य एवम् धनजमानतको नाम थर | धितोको बिबरण |
|---|---|---|
| १. | मानबहादुरको नातीनी इन्द्रमान प्रधानको छोरी कास्की जिल्ला लेखनाथ न.पा. वडा नं.०१ मा स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १५ बस्ने बर्ष ४९ की<br>**ऋणी : गिता देवी प्रधान**<br>शिवकुमार श्रेष्ठको नाती पुर्ण श्रेष्ठको छोरा कास्की जिल्ला सराङ्गकोट गा.वि.स. वडा नं. ०६ मा स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १५ बस्ने बर्ष २८ का<br>**धनजमानत : संजय श्रेष्ठ** | **गिता देवी प्रधान**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेका धवादी पार्वतीपुर गा.वि.स वडा नं.८ सिट नं. ८ घ को कित्ता नं. ३२ को क्षेत्रफल ५-०-१-३ को जग्गा। |
| २. | वृहस्पती दाहालको नाती अग्निधर दाहालको छोरा कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं.१८ बस्ने बर्ष ५६ का<br>**ऋणी : लीलाधर दाहाल**<br>कर्णाखर सुवेदीको नाती गोविन्द सुवेदीको छोरा कास्की जिल्ला कास्कीकोट गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने बर्ष ५४ का<br>**धनजमानत : लक्ष्मी प्रसाद सुवेदी**<br>अग्निधर दाहालको बुहारी लिलाधर दाहालको श्रीमती कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं.१८ बस्ने बर्ष ५१ की<br>**धनजमानत : चुनमाया दाहाल**<br>गोविन्द सुवेदीको बुहारी लक्ष्मी प्रसाद सुवेदीको श्रीमती कास्की जिल्ला कास्कीकोट गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं.८ बस्ने बर्ष ५२ की<br>**धनजमानत : चुनमाया सुवेदी** | **लीलाधर दाहाल र लक्ष्मी प्रसाद सुवेदीका संयुक्त** नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्कीकोट गा.वि.स.वडा नं.६ सिट नं. ०९३०८७४को कित्ता नं. ३०३३ को क्षेत्रफल ०-५-३-० को जग्गा। |
| ३. | धर्मनिधी शिल्वालको नाति लेखनाथ शिल्वालको छोरा कास्की जिल्ला देउराली गा.बि.स. वडा नं. ५ बस्ने बर्ष ५९ का<br>**ऋणी : मित्र प्रसाद शिल्वाल**<br>लेखनाथ शिल्वालको नाति मित्र प्रसाद शिल्वालको छोरा कास्की जिल्ला रुपा गा.पा. वडा नं. ५ बस्ने बर्ष ४५ का<br>**धनजमानत : समिर सिल्वाल**<br>काले कामीको नाति राम बहादुर कामीको छोरा तनहुँ जिल्ला ब्यास न.पा. वडा नं. ९ बस्ने बर्ष ४५ का<br>**धनजमानत : पदम बहादुर कामी**<br>मेजर शाह रौनियार को नाति नारायण प्र. रौनियारको छोरा बारा जिल्ला भ.जितपुर न.पा. वडा नं. ३ घर भै हाल पोखरा म.न.पा. वडा नं. १४ बस्ने बर्ष ३५ का<br>**धन जमानत : मुना रौनियार** | **मित्र प्रसाद शिल्वाल** को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको देउराली गा.वि.स. वडा नं. ५ सिट नं. ०९४११७३ को कि.न.९४९ को क्षेत्रफल १-३-०-० (रोपनी) र देउराली गा.वि.स. वडा नं. ४ सिट नं. ०९४११७३ को कि.न.३८१ को क्षेत्रफल ६-४-२-२ (रोपनी) को जग्गा। |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालयः पोखरा-१०, बुद्धचोक, कास्की